कैलारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

पसं.०७८।०७९(शिक्षा,युवा तथा खेलकुद शाखा) मिति : २०७८।०५।२९

च.नं. ३४४

विषय:छात्रवृतिको लागि निवेदनको सूचना बारे ।

प्रस्तुत विषयमा कैलारी गाउँपालिका शिक्षा समितिको मिति २०७८।०५।२८ गते बसेको बैठकको निर्णयानुसार यस गा.पा.भित्र स्थायी बसोवास भई उच्च शिक्षा (स्नातक) प्राविधिक तथा अप्राविधिक विषयहरुमा शैक्षिक सत्र २०७७ मा भर्ना भई आफ्नो खर्चमा अध्ययन गरिरहेका छात्राछात्रलाई छात्रवृति प्रदान गर्नको लागि आ.व.२०७८।०७९ बजेट विनियोजन भई सो सम्बन्धि कार्यविधि पनि निर्माण भई स्वीकृत समेत भएकोले उल्लेखित छात्रवृतिकोलागि यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिलका कागजात सहित यस गा.पा.को शिक्षा,युवा तथा खेलकुद शाखामा आवेदन दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) सम्बन्धित वडाको सिफारिस,

२) छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७८ को अनुसूची १,२ र ३ क्रमश: कबुलियतनामाको ढाँचा,निवेदनको ढाँचा र सम्बन्धित शिक्षण संस्थाको लेटर हेडमा सिफारिस पत्रको ढाँचाका पत्रहरु,

३) क्याम्पस भर्ना भएको रसिदको प्रतिलिपि,

४) सम्बन्धित विद्यार्थीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

५) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।

पुनश्च: विद्यार्थी छनौट गर्दा सिमान्तकृत,दलित र जनजातीलाई प्राथमिकता दिइने छ ।

प्रमुख प्रशासकिय अधिकृत

Email Address :- kailarigaupalika@gmailcom, Web site :- www.kailarimun.gov.np

(दफा ५ को उपदफा १ को खण्ड च संग सम्वन्धित)

अनुसूचि १

कवुलियतनामाको ढाँचा

श्री ......................... को नाति/नातिनी श्री ......................... को छोरा/छोरी ......................... वस्ने ......................... मितिमा जन्म भएको म......................... कैलारी गाउँपालिकाबाट आ.व. २०७८/२०७९ मा ......................... तहमा ......................... विषय अध्ययन गर्न छात्रवृत्ति प्रप्त भए पछि अध्ययनको वार्षिक रुपमा प्रगति विवरण बुझाउनका साथै अध्ययन पूरा गर्नेछु । मैले छात्रवृत्ति पाएको विषयमा यस निर्देशिकामा तोकिएको भन्दा बढी रकम प्राप्त गरेमा वा अध्ययन पूरा नगरेमा वा छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा वा नेपाल सरकार, प्रदेश सरकार तथा कुनैपनि स्थानिय तह वाट दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको पाईएमा मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा तथा सो मा लागेको व्याज रकम समेत पालिकालाई बुझाउने छु । सो रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मञ्जुरी भएकोले यो कवुलियतनामा गरी दिएको छु ।

छात्रवृत्ति पाउनेको

सही:

नाम:

ठेगाना:

मिति:

सम्पर्क नं.:

ईमेल:

अध्ययनरत शिक्षण संस्थाको

नाम:

ठेगाना:

सम्पर्क नं.:

ल्याप्चे

(दफा ७ को उपदफा (१) संग सम्वन्धित)

अनुसूचि २

## निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कैलारी गाउँपालिका,
हसुलिया, कैलाली

विषयः छात्रवृत्ति सम्वन्धमा ।

यस कैलारी गाउँपालिका, हसुलिया, कैलालीवाट गरिब तथा लक्षित वर्गका छात्राछात्रलाई उच्चशिक्षा अध्ययनको लागि प्रदान गरिने छात्रवृत्ति कार्यक्रममा म सम्मिलित हुन इच्छुक भएकाले उक्त छात्रवृत्तिका लागि फाराम भरी आवश्यक कागजात यसै साथ संलग्न गरी निवेदन पेश गर्दछु ।

१. विद्यार्थीको पुरा नाम, थरः

२. जन्म मितिः

३. विद्यार्थीको ठेगानाः

जिल्लाः......................... गा.पा./न.पा.:....................

वडा नं.:...................... टोलः ..............................

४. अध्ययन गरिरहेको क्याम्पसको नाम, ठेगानाः

४.१: अध्ययन गरिरहेको विषयः

४.२: अध्ययन गरिरहेको तहः ☐ स्नातक, ............ वर्ष

५. आवेदकको खाता भएको बैङ्कको नाम, ठेगाना र खाता नं.:

६. बुबाको नाम, थरः पेशाः

७. आमाको नाम, थरः पेशाः

८. बाजेको नाम, थरः पेशाः

९. परिवारको अनुमानित वार्षिक आम्दानी नगद रु:

१०. परिवारको किसिमः ☐ एकल ☐ संयुक्त

११. परिवारको आम्दानिको श्रोतः ☐ कृषी ☐ व्यापार ☐ नोकरी

१२. संलग्न कागजातहरु :

१. नेपाली नागरिताको प्रमाण पत्र

२.विद्यार्थी परिचयपत्रको छाया प्रति

३. शैक्षिक योग्यताको प्रमाण पत्र

४.हाल अध्ययनरत क्याम्पसमा भर्ना भएको प्रमाण सहित नियमित विद्यार्थी अङ्क ८० प्रतिशत हाजिर भएको व्यहोरा प्रमाणित

५.उच्च शिक्षा छात्रवृत्ति कुनै एउटा प्राविधिक विषयमा स्नातक तह उत्तीर्ण गरि सकेकोलाई अर्को विषयमा सोही तहको अध्ययन गर्न छात्रवृत्ति प्राप्त गर्न निवेदन पेश नगरेको भन्ने स्वघोषणा पत्र ।

निवेदकको :
हस्ताक्षरः
ठेगना
फोन/मोबाइल नः :

अभिभावकको/संरक्षकको
हस्ताक्षरः
नाम थर :
ठेगना :

दफा ७ को उपदफा (३) सँग सम्बन्धित

## अनुसूचि ३

## सिफारिस पत्रको ढाँचा

(सम्बन्धित शिक्षण संस्थाको लेटर हेडमा गर्नु पर्ने )

मिति.........................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू

कैलारी गा.पा.हसुलिया,कैलाली ।

विषयः छात्रवृति उपलब्ध गराइदिन सिफारिस गरिएको बारे ।

..............विश्वविद्यालयको आंगिक/सम्बन्धन प्राप्त यस.............................. शिक्षण संस्था ................... संकाय अन्तर्गत ........... विषयमा शैक्षिक सत्र....... को........वर्ष/सेमेष्टरमा अध्ययनरत तपसिलमा उल्लेखित विद्यार्थीलाई गाउपालिकाले प्रदान गर्ने गरिब तथा लक्षित वर्गका छात्राछात्रलाई उच्चशिक्षा अध्ययनको छात्रवृत्ति उपलब्ध गराउन सिफारिस गर्दछु । यस संस्थामा भएको अभिलेख अनुसार निज विद्यार्थीको व्यक्तिगत विवरण यस प्रकार छ ।

तपसिल

१.विद्यार्थीको नाम,थरः
२.रोल नंः
३.स्थायी ठेगानाः
४. सम्पर्क टेलिफोन नंः
५.खाता रहेको बैंडक र खाता नम्बर :
६.बाबुको नामः
७.बाजेको नामः
८.अध्ययन पुरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्क रु :
९. निज विद्यार्थीले शिक्षण संस्थाबाट छात्रवृति प्राप्त गरेको छ/छैन :
१०.छात्रवृति प्राप्त गरे्को भए छात्रवृति प्राप्त गरेको रकम रुः

माथि उल्लेखित व्यहोरा सहि छ ।झुठा ठहरे कानुन बमोजिम सजाय भोग्न मञ्जुर छु /छौ

दस्तखतः

सम्बन्धित शिक्षण संस्थाको

लेखा शाखाको कर्मचारी

मिति

शिक्षण संस्थाको छाप

दस्तखतः

सम्बन्धित शिक्षण संस्थाको प्रमुखः

मितिः